स.वि.द.नं.: ३१०/०४९/०५०

# NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
# राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

COOP

च.नं.: ३६६/२०७६/०७७

श्री सम्पूर्ण स्थानीय सहकारी तह

मिति : २०७६/१०/२६

**बिषय: तालिम कार्यक्रमहरुमा सहभागिता सम्बन्धमा ।**

नेपालको सहकारी अभियानको गुणात्मक विकास र बिस्तारका लागि सहकारी अभियानको शीर्षस्थ निकाय राष्ट्रिय सहकारी महासंघ लि. नेपालले सहकारी संघ/संस्थाहरूको नीतिगत, संस्थागत तथा व्यवस्थापकिय क्षमता अभिवृद्धि गर्न विभिन्न प्रकृतिका तालिम कार्यक्रमहरु संचालन गर्दै आईरहेको व्यहोरा सर्वविदितै छ ।

यसै सन्दर्भमा नेपालको संवैधानिक व्यवस्था अनुरुप संघीय संरचना अर्न्तरगत सहकारी संघ/संस्थाहरुको दर्ता, निरीक्षण तथा अनुगमन सम्बन्धी अधिकार तीनै तहका सरकारलाई प्रदान गरेको परिप्रेक्ष्यमा सहकारीको प्रर्वद्धनमा स्थानीय तहको भुमिका महत्वपुर्ण रहने तथ्यलाई मनन गर्दै स्थानिय तहको सहकारी डेस्कमा कार्यरत कर्मचारीहरुको, सहकारी संघ/संस्थाको दर्ता, नियमन र प्रबर्द्धन सम्बन्धी सैदान्तिक ज्ञान र शिपमा अभिबृद्धि गरि सहकारीको रचनात्मक विकासमा सहयोग पुऱ्याउने उद्देश्यका साथ निम्न मिति, समय र स्थानमा अनुभवी बिषय बिज्ञहरुद्वारा सहजीकरण हुने तपसिलमा उल्लेखित तालिममा तंहाका सम्बन्धीत कर्मचारीहरुको सहभागिताको लागि हार्दिक अनुरोध गर्दछौं ।

| क.स | तालिमको शीर्षक | संचालन मिति | समय | शुल्क (प्रति सहभागी) |
|---|---|---|---|---|
| १ | सहकारीको दर्ता नियमन र प्रबर्द्धनमा स्थानीय तह | २०७६ फागुन २१, २२ र २३ | १०:०० - ४:१५ | रु ५०००।– |

<u>पुनश्च:</u>

- सिट सिमित भएको हुदा अग्रिम सर्म्पक गरि आफ्नो नाम दर्ता गर्नुहुन अनुरोध छ ।
- उक्त तालिमहरु यस महासंघको तालिम हल पुल्चोक ललितपुरमा संचालन गरिने छ ।
- सहभागीहरुलाई स्टेशनरी, खाजा र प्रमाणपत्र उपलब्ध गराइने छ ।
- रजिष्ट्रेशन शुल्क वापतको रकम महासंघको कार्यालयमा नगदै जम्मा गर्न वा यस महासंघको नाममा रहेको राष्ट्रिय सहकारी बैंकको बानेश्वर शाखाको खाता नं. १३०००७१४ र राष्ट्रिय वाणिज्य बैंकको पुल्चोक शाखाको खाता नं. ११४००००२६०६ मा जम्मा गरी बैंक भौचर इमेल trainingncf@gmail.com मार्फत पठाउन सकिने छ ।

**बिस्तृत जानकारीका लागि**
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल, पूल्चोक, ललितपुर
फोन नं.: ०१-५०१०११६, ५०१००३३, ९८४१३९६३२०,९८४१४५२१०१

सहभागिताको अपेक्षा सहित सहकारी अभिवादन !

(चित्रा कुमारी थाम्सुहाङ्ग सुब्बा)
महाप्रबन्धक